बबई गाउँपालिकाको गाउँसभाको सत्रौ अधिवेशनमा गाउँपालिका अध्यक्ष

श्री कुल बहादुर खत्री क्षेत्रीद्धारा प्रस्तुत

आर्थिक वर्ष २०८२/०८३ को

# नीति तथा कार्यक्रम

बबई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हापुरे, दाङ

लुम्बिनी प्रदेश, नेपाल

बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

कुल बहादुर खत्री क्षेत्री

## उपस्थित गाउँसभाका सदस्यज्यूहरु,

## गाउँपालिका परिचय

बबई गाउँपालिका दाङको सबैभन्दा पश्चिममा पर्ने गाउँपालिका हो । यो नेपालको संविधान २०७२ को धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, स्वायत्त संरक्षित वा विशेष क्षेत्रको नाम, संख्या तथा सिमाना निर्धारण आयोगको सिफारिसमा बनेको ७५३ वटा स्थानीय तह मध्यको लुम्बिनी प्रदेश अन्तर्गतको दाङ जिल्लामा पर्ने एक स्थानीय तह बबई गाउँपालिका जिल्ला सदरमुकाम घोराही देखि ४६ किलोमिटर पश्चिममा पर्दछ। पूर्वमा शान्तिनगर गाउँपालिका पश्चिममा बाँके र उत्तरमा सल्यान जिल्ला र दक्षिणमा दंगीशरण गाउँपालिका र बाँके जिल्ला रहेको छ। साविकका पुरन्धारा र पञ्चकुले गा.वि.स. समायोजन भई यस गाउँपालिकाको निर्माण भएको हो। यस गाउँपालिकाको कुल क्षेत्रफल २५७. ४७ वर्ग किलोमिटर रहेको छ। २०७८ सालको जनगणना अनुसार यहाँको कूल जनसंख्या ३०९८६ र कुल घरधुरी ७५२७ रहेको छ यस गाउँपालिकामा ७ वटा वडा रहेका छन्। यस पालिका समुद्र सतहदेखि ६७६ मीटर उचाइमा रहेको छ । यस गाउँपालिकामा बाहुन क्षेत्री, मगर, दलित, थारु लगायतका जातिको बाहुल्यता रहेको छ। यस गाउँपालिकाका मुख्य भाषा नेपाली, थारु र मगर रहेका छन्। यस गाउँपालिकामा खेतीपातीको लागि उर्वर भूमि रहेको छ । यस गाउँपालिकाका पुरन्धारा झरना, धागे छहरा, गौरी शंकर शिवालय मन्दिर र चिसापानी मन्दिर प्रमुख पर्यटकीय स्थल हुन् । यस बबई गाउँपालिकामा ३४ वटा विद्यालय, २ वटा अस्पताल १ वटा स्वास्थ्य चौकी र ५ वटा स्वास्थ्य केन्द्र , २ वटा इलाका प्रहरी र १ प्रहरी चौकी, १ वटा अस्थायी प्रहरी पोष्ट र १ वटा क्याम्पस रहेका छन । यस पालिकाको विच भागवाट तुल्सीपुर सुर्खेत रोड मार्ग छ भने हापुरे बबरपुर गंगटे हुदै कोहलपुर जोडने सडक निर्माणाधिन अवस्थामा छ। यस पालिकामा अब्यवस्थित वसोवास र राष्ट्रिय निकुन्ज मध्यवर्ति क्षेत्र भित्रका बस्तिहरु विशेष चुनौतिको रुपमा रहेका छन ।समग्रमा यो बबई गाउँपालिका प्राकृतिक सम्पदाले सम्पन्न पालिका हो ।

## गाउँ सभाका सदस्य ज्यूहरु,

१. संघीय शासन व्यवस्था अन्तर्गत स्थानीय सरकारको दोस्रो कार्यकालको तेस्रो आर्थिक वर्ष पूरा भई यस बबई गाउँपालिकाको आ.व २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दै गर्दा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु।

२. यस अवसरमा म मुलुकको राजनीतिक,आर्थिक तथा सामाजिक परिवर्तनका लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनमा घाइते, अपाङ्ग, वेपत्ता नागरिक र तिनका परिवारप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. मानव अधिकारको स्थापना र विकास समाज रुपान्तरणको विश्वव्यापी आन्दोलनकै अभिन्न अंगको रुपमा रहेको नेपाली राजनैतिक, सांस्कृतिक, सामाजिक आन्दोलनहरूले विभिन्न काल खण्डमा स्थापित गरेका परिवर्तनका स्वरुपको परिणाम आज नेपाली जनताले सार्वभौम सत्तालाई सुरक्षित राख्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान लागु सँगसँगै संविधानको भावना मर्म अनुरूप तीनै तहका सरकारहरू संघीयताको कार्यान्वयनको चरणमा छौं । कार्यान्वयनको अभ्यास क्रमशः सफलता तिर उन्मुख हुँदै गईरहेको छ। तर

बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

पनि नेपाली राजनीतिमा देखा परेका भ्रष्टाचार, अनियमितता, मँहगी, बेरोजगारी तथा परम्परागत कृषि प्रणाली औद्योगिक विकासमा भएको उदासिनताले जनताको मनमा उत्पन्न असन्तुष्टि सरकार प्रतिको अविश्वास आजको मुख्य चुनौति हो।

४. शान्ति, समृद्धि र विकासको लक्ष्य हाँसिल गर्नको लागि संघीय संरचना अन्तर्गतको स्थानीय सरकार जनताको निकट र प्रत्यक्ष सम्पर्कमा रहेको सरकार भएकाले त्यस प्रति जनअपेक्षा वढि हुनु स्वाभाविक हो । त्यसैले जनअपेक्षा अनुरूप नीति निर्माण गरि समाजमा रहेका विभिन्न विभेद र असमानताका अवशेषहरुलाई अन्त्य गर्दै समावेशिताको आधारमा सम्वृद्धिको लक्ष्य हासिल गर्ने गराउने चुनौती र दायित्व आज स्थानीय सरकार सामु देखा परेको छ । यस चुनौतीलाई आत्मसाथ गर्दै लक्ष्य हासिल गर्ने शिक्षा, राजनीति, सामाजिक, संस्कार, आर्थिक अनियमितता र नीतिगत जटिलतामा व्यापक संशोधन र सुदृढीकरण गर्न सके मात्र हाम्रो समृद्धिको यात्रा अघि बढ्न सक्छ । तसर्थ बबई गाउँपालिकाको समुन्नत बबई, सुखी जनताको लक्ष्य पूरा गर्न " हाम्रो उत्पादन हाम्रो बजार समृद्धिको आधार, सन्तुलित कर अनुशासित जनता आत्मनिर्भर स्थानीय सरकार " भन्ने नारालाई आत्मसाथ गर्दै आ.व. २०८२ / ८३ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न गइरहेको छु । विश्वास छ सबै पक्षबाट सहयोग र समर्थन प्राप्त हुनेछ ।

**अव म हाम्रा सामु रहेका अवसर तथा चुनौतीहरु प्रस्तुत गर्न चाहान्छु।**

## क. विद्यमान अवसरहरु

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भइ २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

२. आफ्ना अधिकार क्षेत्र भित्रका विषयमा नीति तथा ऐन, कानून तर्जुमा गर्ने अधिकार हुनु ।

३. गाउँपालिकाको आवधिक योजना र मध्यमकालिन खर्च संरचना निर्माण भई अगाडीको गन्तव्य स्पष्ट हुनु।

४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।

५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।

६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु ।

७. पालिकाको दक्षिण तर्फ प्रयाप्त जलस्रोत सहित बबई नदी प्रवाहित हुनु।

८. पुरन्धारा झरना, धागे छहरा, गौरी शंकर शिवालय मन्दिर, चिसापानी मन्दिरजस्ता थुप्रै ऐतिहासिक तथा साँस्कृतिक पर्यटकीय गन्तव्य उपलब्ध हुनु ।

९. अनुभवी जनप्रतिनिधि तथा कर्मचारीको उपलब्धता हुनु ।

## ख. विद्यमान चुनौतीहरूः

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु।

२. कृषि उत्पादनलाई बजारको सुनिश्चितता गर्नु।

३. युवा जनशक्तिलाई कृषि व्यवसायप्रति आकर्षित गर्नु ।

४. व्यवसायिक कृषकको संख्या वृद्धि गर्नु ।

५. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु ।

६. निर्माण भएको पूर्वाधारको मर्मत संभार र दिगो संचालन पद्धतिको विकास गर्नु ।

७. स्थानीय स्तरमै गुणस्तरीय शिक्षा, स्वास्थ्य र रोजगारीको सुनिश्चतता गरी बसाइसराइको दर कम गर्नु।

८. गाउँपालिकाको उच्च स्थानमा रहेको कृषि योग्य जमिनमा सिंचाईको व्यवस्था गर्नु ।

९. बादर, बदेल, दुम्सी, राते, चितुवा, चौवडा जस्ता वन्यजन्तुबाट कृषि बाली तथा पशु धनको सुरक्षा गर्नु ।

१०. दरवन्दी अनुसारको कर्मचारी पदपूर्ती नहुनु, प्राविधिक सिपयुक्त दक्ष जनशक्तिको अभाव हुनु ।

११. संघ प्रदेश र स्थानीय तहका अधिकारका साझा सुची भित्रका विषयमा आवश्यक कानुनहरु नबन्नु।

१२. तीन तहका सरकार वीच समन्वयको कमी हुनु।

## हालसम्मको प्रगति विंवरण

चालु आ.ब २०८१।८२ मा यस बबई गाउँपालिकामा करिव १ किलोमिटर सडक कालोपत्रे, सडक नाला तथा सिंचाइ नाला गरि जम्मा ६ किमि, ग्राभेल ५ किमि, स्तरउन्नति ४ कि मि र करिव ३ कि मि नयाँ ट्रयाकको काम सम्पन्न गरिएको छ। १५ सैया अस्पतालको घेरवार गर्ने काम सम्पन्न भएको छ। भिउ टावरको काम करिव १००% सम्पन्न भएको छ। चिस्यान केन्द्रको ९० प्रतिशत काम सम्पन्न भएको छ । विभिन्न ठाउँमा साना ठूला कलभर्ट निर्माण भएका छन ।

## गाउँ सभा सदस्यज्यूहरु,

अव म आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

### १. आर्थिक विकास

**" हाम्रो उत्पादन बजार हाम्रो वजार समृद्धिको आधार, सन्तुलित कर अनुशासित जनता आत्मनिर्भर स्थानीय सरकार"**

### क. कृषि तथा पशुपालन

१. कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिको आधारमा बजारीकरण र व्यवसायीकरण गरिनेछ ।

२. वास्तविक किसानहरुको पहिचान गरी कृषि कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्नका लागि कृषकको वास्तविक विवरण अध्यावधिक गरिनेछ ।

३. रासायनिक मलको ठाउँमा प्राङ्गारिक मलको उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

४. व्यवसायिक कृषि पकेट क्षेत्रमा सिचाइ, कृषि सडक, विद्युतीकरण, कृषि बजार, कृषि उत्पादनका सन्द्धर्भमा स्थान अनुकूलको कृषि विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

५. बन्यजन्तुबाट कृषि उत्पादनमा हुने क्षतिलाई नियन्त्रण गर्न पहल गरिनेछ ।

६. कृषि क्षेत्रमा उत्पादन तथा प्रतिफलमा आधारित अनुदानको नीति अवलम्वन गरिनेछ ।

बबई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

कुल बहादुर क्षत्री

७. गौशाला व्यवस्थापन गर्न एवं प्राङ्गारिक मल उत्पादन गर्न सामुदायिक वन, गैर सरकारी संघ संस्था एवं निवी क्षेत्रसँग साझेदारी गरिनेछ ।

८. उत्पादकत्व वृद्धिका लागि प्रविधिको अधिकतम प्रयोग, माटोको गुणस्तर कायम, प्रयाप्त मलको उपलब्धता तथा उन्नत बिउविजनको प्रयोगलाई प्राथमिकता दिइनेछ ।

९. स्थानीय भू-उपयोग नीति लागु गरी फलफूल तथा तरकारी खेतीका पकेट क्षेत्रको विकास गरी बजारीकरण र भण्डारणको व्यवस्था गरिनेछ ।

१०. कृषि व्यवसायी आधुनिकरण गर्न यन्त्रिकिकरण गरी यूवा पुस्तालाई कृषि पेशामा आकर्षित गरिने छ ।

११. शित भण्डारलाई संचालनमा ल्याउन कार्य अघि वढाइनेछ ।

१२. बाख्रा पालन भैसी पालन मौरी पालन तथा कुखुरा पालन व्यसायीहरुलाई थप प्रोत्साहन गर्न खोर सुधार गोठ सुधार कार्यक्रम लागु गरिनेछ ।

१३. ७ वटै वडामा पशु स्वास्थ्य घुम्ति शिविर र पशु वन्ध्याकरण गरिनेछ ।

१४. उत्कृष्ट कृषकहरुलाई पुरस्कृतका साथै उद्यम व्यवसायीहरुलाई प्रोत्सान कार्यक्रम लागु गरिनेछ।

१५. पशुमा नश्ल सुधारका लागि प्राकृतिक तथा कृत्रिम गर्भाधान गराउने किसानलाई प्रोत्साहन गरिनेछ।

१६. बबई गाउँपालिकामा कृषि तथा पशु उद्यमशीलता विकास गर्न सहकारीहरूको क्षमता अभिवृद्धिको लागि एवं कृषि उत्पादनको लागि साझेदारी कार्यक्रमको सञ्चालन गरिनेछ।

## ख. सहकारी तथा वित्तिय क्षेत्र

१. गाउँपालिकाभित्र स्थापना हुने कृषि सहकारी समूह, निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र, अनुमती जस्ता विषयहरुलाई व्यवस्थित गरिने छ ।

२. महिलाद्वारा सन्चालित सहकारी एवं उत्पादनमूलक सहकारीद्धारा कार्यक्रमलाई प्राथमिकतामा राखी प्रोत्साहन र सम्मान गरिनेछ।

३. सहकारी संस्थाहरुको संस्थागत विकास गर्दै निक्षेप कर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ ।

४. सहकारीको माध्यमबाट उत्पादनशील क्रियाकलापमा आवद्ध नागरिकहरुको पुंजी संकलन तथा परिचालन गरी स्वरोजगारका अवसर सृजना गर्ने नीति लागु गरिनेछ ।

५. सहकारीहरुको संस्थागत विकास र सहकारी सम्बन्धी जनचेतना अभिवृद्धि गर्न अभिमुखीकरण तालिमको व्यवस्था गरिनेछ ।

६. कृषि उत्पादन, भण्डारण, प्रशोधन तथा बजारीकरण र कृषि सामग्रीको आपूर्ति व्यवस्थापनमा सहकारी संस्थाहरूलाई प्रोत्साहन गरिनेछ ।

७. सहकारी, सामुदायिक वन एवं अन्य संघ संस्थाहरुसँग भौतिक पूर्वधारको क्षेत्रमा साझेदारी लगानी गर्न वजेटको व्यवस्था गरिनेछ ।

फुल बहादुर

८. विकास साझेदारहरुको सहकार्यमा लक्षित समुदाय र क्षेत्रमा सहकारी संघ संस्थाहरुको स्थापना र सञ्चालन गरिनेछ।

९. समुदायका सदस्यहरुलाई सहकारीको माध्यमबाट एकजुट भई उद्योग व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गर्ने खालका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

## ग. उद्योग तथा वाणिज्य

१. लघुउद्यम विकास कार्यक्रम मार्फत उद्यमशिलता तथा सिप तालिम संचालन गरि स्थानीय स्रोत र साधन कच्चा पर्दाथ र सिपको परिचालन गरी लघु, घरेलु तथा साना उद्योगमा लगानी वृद्धि गरी यस्तो उद्योगका स्थापना विकास र प्रवर्द्धन गर्दै रोजगारी सृजनाको माध्यमबाट स्थानीय अर्थतन्त्रमा योगदान पुऱ्याउन निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति लिइने छ।

२. परम्परागत रूपमा सञ्चालन भएका आरन, सिलाई कटाई, जुत्ता सिलाईजस्ता व्यवसायको संरक्षण गरिने छ।

३. घरेलु तथा साना उद्योग विकासका लागी आवश्यक प्रोत्साहन गर्ने र स्थानीय उत्पादनको उपभोग र प्रर्वद्धनमा जोड दिइने छ।

४. उपभोक्ता हित संरक्षण र बजार अनुगमनको कार्यलाई प्रभावकारी बनाइने छ साथै खाद्यन्न पसल र विषादी जन्य बस्तुहरूको विक्रि वितरणको लागि छुट्टाछुट्टै पसललाई मात्र अनुमति दिइनेछ।

५. विगतका वर्षमा प्रदान गरिएको सिप विकास तालिम प्राप्त व्यक्तिहरुलाई पुनर्ताजगी तालिम दिइनेछ साथै तालिम लिइसकेका उद्यमीहरुको तथ्यांङ संकलन गरी उनीहरुले प्राप्त गरेका सिप र दक्षतालाई रचनात्मक रुपमा प्रयोग गर्ने, प्रोत्साहन गर्ने, व्यक्तिगत र समूहगत रुपमा साना उद्योग स्थापनामा प्रोत्साहनको लागि ५० % लगानी अनुदानको व्यवस्था गरिने छ।

६. हंशपुर र पञ्चकुले बजारका मुख्य चोकमा सिसिटिभि जडान गरिनेछ।

## घ. पर्यटन

१. पर्यटनमार्फत आर्थिक समृद्धि हासिल गर्न गाउपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन विकासका कार्यहरु सञ्चालन गरिनेछ ।

२. पालिकाभित्रका मुख्य स्थान, चोक, गाउँपालिका भित्र छिर्ने नाकाहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आर्कषण गर्न होडिङ बोर्ड / डिजिटल डिसप्ले बोर्ड राखिनेछ ।

३. गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्र पुरन्धारा झरना विकाश योजनालाई गौरबको योजनाको रुपमा लिई ठेक्का टेण्डर गरी थप व्यवस्थित वनाइने छ ।यसै गरी धागेछहरा, सिद्द गुफा, रातापहिरा, हात्ती ढुङ्गा, बबई नद, चिसापानी मन्दिर गौरीशंकर शिवालय, भ्यू टावर लगायत पर्यटकीय स्थलहरुमा सडकको पँहुच विस्तारका कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै यस्ता पर्यटकीय क्षेत्र विकासमा नीजि क्षेत्रसगँ लागत साझेदारी गरी विकास गरिनेछ ।

४. गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय स्थलहरुमा खानेपानी तथा शौचालयहरुको व्यवस्था तथा पर्यटकीय स्थलहरु जोड्न सडक सञ्जालिकरण थप व्यवस्थित गराइनेछ ।

कुल बहादुर खत्री क्षेत्री
अध्यक्ष

५. विभिन्न जातजातिको धार्मिक, सांस्कृतिक पर्व संस्कार र संस्कृतिको प्रवर्धन गर्न कला संस्कृतिहरुको रुपमा सूचिकृत गरी सम्मान गरिने छ ।

६. अन्तरपालिका सम्बन्ध प्रवर्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुशरण गरी पर्यटन प्रवर्धन गर्न अन्य पालिकाहरूसँग भगिनी सम्बन्ध स्थापित गरिनेछ ।

७. कला संस्कृतिका नव प्रतिभाहरुको खोजी तथा सम्मान कार्यक्रमलाई अघि वढाइनेछ ।

## ङ. रोजगारी

१. गाउँपालिकाको वरिपरी रहेको खाली जमिनमा फलफुल रोप्ने कार्य अगाडी वढाइनेछ साथै त्यसको संरक्षण गर्न मालीको व्यवस्था गरिनेछ ।

२. गाउँपालिकाभित्र निर्माण हुने आयोजनामा स्थानिय व्यक्तिलाई रोजगारमा प्राथमिकता दिने प्रबन्ध मिलाइनेछ ।

३. युवा लक्षित रोजगारका अवसरहरु सिर्जना गर्न पहल गरिनेछ ।

४. नीजि क्षेत्र मार्फत रोजगारी सिर्जना गर्ने व्यवसायिक उत्पादनलाई प्राथमिकता दिई रोजगारी सिर्जनाका आधारमा सहुलियत र सहायता उपलब्ध गराइनेछ।

५. गाउँपालिकामा रोजगार वैङ्कको स्थापना गरी दक्ष अदक्ष तथा शैक्षिक बेरोजगारको वर्गीकृत तथ्याङ्क संञ्चालन गरिनेछ । रोजगार बैङ्कमा समावेश भएका व्यक्तिहरुलाई गाउँपालिका भित्र वा वाहिर रोजगारीका अवसर आएमा प्राथमिकता दिइनेछ ।

६. ५० जनासम्मका प्रत्यक्ष रोजगारी दिने उद्योगका लागि मेसिन औजारमा अनुदानको व्यवस्था गरिनेछ ।

## छ. सुरक्षित आप्रवासन

१. आप्रवासी कामदार तथा तिनीहरूको परिवारको अधिकारको सुनिश्चित गर्ने नीति लिईने छ । जसको लागि प्रदेश सरकार, वैदेशिक रोजगार वोर्ड तथा संघीय सरकारसँगको समन्वय तथा लागत साझेदारीमा आप्रवासी कामदार र उनीहरूको परिवारलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, न्यायकोलागि समन्वय सहजीकरण, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता र सीप अभिवृद्धि गर्नकालागि लक्षित कार्यक्रम संचालन र समन्वय गरिने छ ।

२. विदेशवाट फर्केका आप्रवासी श्रमिकहरुलाई संगठित गराई उनीहरुमा भएका व्यवसायीक ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न र स्थानीय स्तरमा श्रमिक तथा तिनका परिवार सम्मिलित सामाजिक सँस्था र सहकारी स्थापना मार्फत विस्तार गरी पुँजी निर्माण, उद्यमशिलता बिकास तथा व्यवसाय प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

३. वैदेशिक रोजगारबाट फर्केका व्यक्ति (रिटर्नी) परिचालन गरी घरदैलो सम्म नै सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सचेतना प्रवाह गरिनेछ ।

४. संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा समुदाय स्तरमा नै पर्याप्त आय र रोजगारीका अवसरहरू सिर्जना गर्न समन्वयात्मक रूपमा कार्यक्रम संचालन गर्ने नीति लिईने छ ।

बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

कुल बहादुर खत्री क्षेत्री
अध्यक्ष

५. श्रम र रोजगारीको क्षेत्रको समुचित व्यवस्थापनको लागि सुरक्षित आप्रवासन कार्यविधि अनुरुप प्रभावकारी कार्यान्वयनको लागी व्यवस्था मिलाइनेछ । स्वरोजगार, आन्तरिक रोजगार साथै वैदेशिक रोजगारसँग सम्बन्धित विषयलाई व्यवस्थित गर्न यस स्थानीय तहको संगठन संरचनामा श्रम तथा रोजगार शाखा विस्तार गरी आवश्यक सेवाहरुलाई एकिकृत रुपमा प्रवाह गरिने छ।

## २. सामाजिक विकास

### क. शिक्षा

"गुणस्तरीय शिक्षा हामी सबैको अपेक्षा"

१. बबई गाउँपालिकाको स्थानीय पाठ्यक्रम "बबई सेरोफेरो" लाई विद्यालयहरुमा लागु गरिनेछ।
२. विद्यालयको भौतिक नक्सांकन गरि आवश्यकताको आधारमा विद्यालयको भौतिक पूर्वाधार निर्माण गरिनेछ।
३. आवश्यकता र वास्तविक जीवनसँग जोडने जीवनोपयोगी शिक्षा सिपमा शैक्षिक पाठ्यक्रमको विकास गरी सोही अनुसारको पठनपाठनको व्यवस्था मिलाई पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप, उद्यमशिल क्रियाकलाप विविध समुदायका जातीय तथा सांस्कृतिक पहिचानको वोध गराउन अवलोकन भ्रमण पद्धतिवाट अभ्यास कक्षाकासाथै प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ।
४. गाउँपालिका भित्रका विद्यालयमा आ.ब २०८२।८३ मा खाली भएका र खालि हुने दरबन्दीको पूर्वानुमान गरी शिक्षक बैंकवाट शिक्षकको अस्थायी पदपूर्तीको कार्यलाई थप प्रभावकारी वनाइनेछ।
५. पालिकामा रहेका सामुदायिक विद्यालयवाट कक्षा ८ , SEE र कक्षा १२ को परिक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी एवं शिक्षकलाई सम्मान गरिनेछ ।
६. विपन्न तथा दलित परिवारका छोराछोरीलाई SEE पछिको प्राविधिक शिक्षाको लागि पालिका स्तरमा प्रथम / द्वितीय / तृतीय आउने विद्यार्थीहरुलाई छात्रवृतिको व्यवस्था गरिनेछ ।
७. शिक्षाको गुणस्तरलाई सुधार्न विद्यालय समायोजन र दरवन्दी मिलान गरी सामुदायिक विद्यालयहरुमा शिक्षक विधार्थी अनुपातमा विषयगत दरवन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ ।
८. सबै विद्यालयमा इन्टरनेट सुविधा विस्तार गरी सूचना प्रविधिमा आधारित शिक्षण पद्धतीको विकास गरिनेछ।
९. विद्यालयमा पुर्विय मुल्य मान्यतामा आधारित योग तथा आयुर्वेद शिक्षाका अभ्यासहरु शुरु गरिनेछ। साथै नैतिक शिक्षा एवं संस्कार शिक्षा विषयलाई कार्यान्वयनमा लगिनेछ।
१०. अन्तर विद्यालय अतिरिक्त क्रियाकलापहरुको आयोजनालाई निरन्तरता दिइनेछ ।
११. शिक्षामा लैंगिकता तथा समावेशिताका चेतना मूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
१२. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धिका लागि शिक्षकको तालिम, विद्यालयको भौतिक संरचना निर्माण, खानेपानी, सरसफाई लगायत का कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
१३. विद्यार्थीलाई अनुशासित, लगनशील, जिम्मेवार र कर्तब्यवोध जस्ता गुणको विकासको लागि विद्यालयहरुमा स्काउट कार्यक्रमलाई थप व्यवस्थित गरी अगाडी बढाइनेछ ।

बबई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

फुल बहादुर क्षत्री
अध्यक्ष

१४. सामुदायिक र नीजि विद्यालयको शैक्षिक स्तरमा विद्यमान विभिन्नता हटाउँदै लैजाने र शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सामुदायिक र संस्थागत विद्यालयहरुमा शिप, ज्ञान र नविनतम प्रविधि एवं अभ्यासहरु आदानप्रदान गरिनेछ ।

## ख. यूवा तथा खेलकुद

१. खेलकुद विकासको लागि विभिन्न खेल खेलमैदान लगायतका खेलकुद पूर्वाधारहरुको निर्माण तथा मर्मतसम्भार गरिनेछ ।

२. वडा स्तरीय खेलकुद समिति गठन गरिनेछ ।

३. विधागत खेलका पुरस्कार राशीहरु स्थापना गरि दिगो व्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

४. वैदेशिक रोजगारबाट फर्केका यूवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार उद्यमशिलता विकासका लागि गाउपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगतका विकास कार्यक्रमहरु मार्फत यूवालाई विदेश हैन विजनेश " भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख वनाउन पहल गरिनेछ ।

५. एक वडा एक व्यामशाला" को नीति लिई खेलाडि तथा यूवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

६. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई प्राविधिक तथा कृषिजन्य तालिमहरु प्रदान गरी गरिवी न्यूनीकरण तथा जिविकोपार्जनमा सहजीकरण गरिनेछ ।

७. गाउपालिकाको गौरवका खेलकुद कार्यक्रमहरूमा प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ ।

८. राष्ट्रपति रनिङ्ग शिल्डमा खेलाइने खेलहरुका साथै स्थानीय स्तरमा खेलिने खेल विधाका समिति गठन गरिने छ र खेल तथा कार्य संचालनका लागि आवश्यक वजेट विनियोजन गरिने छ ।

९. स्थानीय स्तरमा यूवा सशक्तिकरण, जागरण र परिचालन गरिनेछ ।

१०. गाँउपालिका अन्तरगतका आधारभूत विद्यालयहरुमा योग प्रशिक्षक तथा माध्यामिक विद्यालयहरुमा खेलकुद प्रशिक्षकको व्यवस्था गरिनेछ ।

११. विद्यार्थीको सिकाई उपलब्धीसँग शिक्षकको कार्य सम्पादन मूल्याँकन प्रणाली संग जोडिने छ।

१२. हंसपुर क्रिकेट रंगशाला एवं हापुरे खेल मैदानको साथै सुनपुर फुटवल मैदानको स्तर उन्नती गरिनेछ ।साथै प्रत्यक वडामा एक खेल मैदानको विकास गरिने छ ।

## ग. स्वास्थ्य

१. सामाजिक सुरक्षा सुविधा नपाएका ६० वर्ष पुरा भएका दिर्घ रोगी, मुटु, क्यान्सर, पक्षघातका रोगीहरुलाई वार्षिक ५ हजार आर्थिक सहयोगको व्यवस्था गरिनेछ साथै विपन्न अति विपन्न नागरिकलाई ५०% स्वास्थ्य विमा शुल्क अनुदानको व्यवस्था गरिनेछ।

२. हापुरे प्राथमिक अस्पताल, आधारभूत स्वास्थ्य केन्द्रहरु नागरिक आरोग्य केन्द्र र स्वास्थ्य चौकीहरुमा प्रदार गरिदैं आएको स्वास्थ्य सेवा लाई थप प्रभावकारी, गुणस्तरिय बनाउन औषधी र उपकरणहरूको कमिहुन नदिन आवश्यक बजेटको व्यवस्था गरिने छ। हंसपुरमा निर्माण सम्पन्न

१५ सैया अस्पताल लाई अविलम्व सँचालन गर्न संघीय तथा प्रदेश. सरकारसँग समन्वय तथा अनुरोध गरिने छ।

३. स्वस्थ आमास्वस्थ बच्चा अवधारणा अनुसार नवजात शिशु तथा मातृ पोषण कार्यक्रम संचालन गरिने छ।

४. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिकाक्षेत्र भित्र चिकीत्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न १५ सैया अस्पतालको सेवा सञ्चालनको सुरुवात गर्दै स्वास्थ्य चौकीहरुको स्तर उन्नती गरि रोकथाम निदान र पुर्नस्थापना सेवालाई सहज र नियमित वनाइनेछ।

५. हरेक नागरिकलाई आधारभुत स्वास्थ्य सेवाको पहुँचबाट बञ्चित गरिने छैन साथै अपांगता भएका क र ख वर्ग, ७० नाघेका जेष्ट नागरिक तथा गर्भवतीलाई गाउँपालिका भित्रका स्वास्थ्य चौकीमा पुर्याउन निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ।

६. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाईनेछ।

७. आर्थिक रुपमा अति विपन्न गाउँपालिकावासीहरुको स्वास्थ्य जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।

८. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धधन र प्रशोधनका कार्यहरु संचालन गरिनेछ।

९. स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवा तथा शुल्कलाई नियमन गरिनेछ।

१०. स्वास्थ्य तथा आयुर्वेद तर्फको गाउँघर क्लिनिकको सेवालाई थप प्रभावकारी वनाइनेछ।

११. विभिन्न महामारीजन्य रोगहरुबाट बच्नको लागि आवश्यक पूर्व तयारी गरिनेछ।

१२. महिला स्वास्थ्य स्वयं सेविकालाई प्रोत्साहनको एवं तालिमको व्यवस्था गरिनेछ।

## घ. खानेपानी तथा सरसफाई

१. खानेपानीको तत्काल, अल्पकालीन र दीर्घकालीन समाधानका लागि सम्भाव्यता अध्ययन गरी योजना तयार गरिनेछ।

२. जलाधार, मुहान र सिमसार क्षेत्रको संरक्षण गर्दै ती स्रोतबाट खानेपानी आपूर्तिको प्रबन्ध गरिनेछ।

३. ग्रामीण खानेपानी, सरसफाई तथा स्वच्छता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४. WASH (खानेपानी, सरसफाई तथा स्वच्छता) योजना अनुसार कार्यक्रमहरू अगाडि बढाइनेछ।

५. खानेपानी सुधारका लागि प्लम्बिङ तालिम सञ्चालन गरिनेछ।

६. सडक र सार्वजनिक स्थलमा हरियाली, सफाइ तथा फोहोरमैला व्यवस्थापन गरिनेछ।

७. सबै वडामा पूर्ण सरसफाई अभियान सञ्चालन गरि पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गरिनेछ।

८. खानेपानीको र जैविक विविधता संरक्षणको लागि बबई गाउँपालिका अन्तर्गतका महत्पूर्ण च्याटिखोला, घट्टेखोला, ट्वाङखोलाका मुहान क्षेत्रमा कृतिम जलाशयको संभाव्यता अध्ययन गरी जलसार तथा सिमसार क्षेत्रको संरक्षणका कार्यलाई प्राथमिकता दिइनेछ।

## ङ. लैगिक समानता र सामाजिक समावेशिकरण

बबई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

कुल बहादुर क्षत्री ... अध्यक्ष

१. अपाँङ्गता भएका व्यक्तिहरुका लागि साहायक सामाग्री अपाङ्गता सरोकार मञ्चको समन्वयमा खरिद गरी विवरण गरिनेछ ।

२. हरेक वडामा बाल उद्यान निर्माण गरिनेछ र पालिकालाई बालमैत्री पालिका घोषणा गर्न कार्यलाई तिव्र रुपमा अगाडी बढाइनेछ।

३. गर्भवती महिला र नवजात शिशुको लागि आमा सुरक्षा तथा पोषण कार्यक्रम सञ्चालन गरिनेछ।

४. लक्षित वर्गका विद्यार्थीका लागि लोक सेवा, शिक्षक सेवा तयारी कक्षा सञ्चालन गरिनेछ। महिला सहकारीको नेतृत्व विकास गर्दै आर्थिक सशक्तिकरणमा योगदान दिइनेछ।

५. लैङ्गिक विभेद अन्त्य, सामाजिक सोच परिवर्तन, हिंसा विरुद्ध शून्य सहनशीलता नीति, र पीडितको संरक्षणमा केन्द्रित कार्यक्रम सञ्चालन गरिनेछ।

६. दलित, शिल्पी समुदायको परम्परागत पेशालाई व्यवसायिक बनाउने, लक्षित वर्गमैत्री कार्यक्रम सञ्चालन गर्ने, र अपांगता भएका व्यक्तिको अधिकार संरक्षण तथा सेवा सुनिश्चित गरिनेछ।

७. अपांगता भएका व्यक्तिलाई विपद् अवस्थामा विशेष प्राथमिकता, गरिब परिचयपत्र वितरण, खाद्य सहायता र विपन्न परिवारका लागि सहायता कार्यक्रम सञ्चालन गरिनेछ।

८. मदिरा सेवन, जुवा तास जस्ता सामाजिक विकृति नियन्त्रण गरिने नीति अपनाइनेछ।

## च. संस्कृती प्रवर्धन

१. सांस्कृतिक सम्पदाको संरक्षण, व्यवस्थापन र सम्बन्धित निकायको संरचनागत सुधार तथा आवश्यकता अनुसार नयाँ संरचना स्थापना गरिनेछ।

२. संगीत, गीत, नाच, सोरठी, भैलो, तीज लगायत परम्परागत तथा आधुनिक सांस्कृतिक विधाको संरक्षण र प्रोत्साहन गरिनेछ। साथै लोकसँस्कृति पुस्तान्तरण गर्ने किसिमका कार्यक्रमहरु संचालन गरिनेछ ।

३. लोकगीत, लोककथा, उखानटुक्का, भजन, सिप, लोककला, शिल्पकलाको अभिलेखिकरण, अध्ययन र संरक्षण गरिनेछ।

४. नव प्रतिभाको पहिचान र सम्मान गरिनेछ। साथै, ऐतिहासिक, सांस्कृतिक तथा तिर्थस्थलहरूको परिचयात्मक विवरण तयार गरिनेछ।

## छ. सामाजिक सुरक्षा तथा पञ्जिकरण

१. बबई गाउँपालिकामा कार्यरत करार सेवाका कर्मचारीहरुलाई प्रचलित ऐन वमोजिम सामाजिक सुरक्षा कोषमा आवद्ध गरिने छ ।

२. सामाजिक सुरक्षा भत्ता तथा अनलाइन घटना दर्ता कार्यलाइ थप प्रभावकारी बनाउन बैंक र पालिका बिच समन्वय गर्ने कार्यलाइ निरन्तरता दिइने छ । अति अशक्त लाभग्राहिहरु लाई बैंक संगको समन्वय मा घरमा पुगि सेवादिने कार्य गरिने छ ।

३. अनलाइन घटना दर्ता कार्यलाइ थप व्यवस्थित गर्नुका साथै पहुँच अभिबृदी को लागि घटना दर्ता शिबिर, घटना दर्ता ससाह ,जस्ता कार्यक्रमहरु [illegible] व्यवस्थितरुपमा अगाडी बढाइनेछ।

बबई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हापुरे, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

फुल बहादुर ... अध्यक्ष

४. सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखाको आयोजनामा पञ्जिकरण सङ्ग सम्बन्धित वडा सचिबहरुको लागि अभिमुखिकरण तालिम सन्चालन गरिने छ ।

## ३. पुर्वधार विकास

१. उच्च प्रतिफल, समतामूलक र पिछडिएको क्षेत्रलाई प्राथमिकता दिँदै आयोजना बैंक तयार गरी त्यसमार्फत मात्र बजेट विनियोजन गरिनेछ।

२. भौगोलिक अवस्था, जनचाहना र जनसहभागिता मूल्यांकन गरी सेवा स्तर निर्धारण गर्दै पूर्वाधार विकास गरिनेछ।

३. गुणस्तरीय पूर्वाधार निर्माणमा जोड दिई त्यसको दीगो उपयोग सुनिश्चित गरिनेछ।

४. सुर्खेत रोड र बबई चक्रपथलाई प्राथमिकता दिइनेछ। साथै, घर नक्सा पास प्रक्रियालाई थप व्यवस्थित गरिनेछ।

५. उपाध्यक्षले अनुगमन गरी गाउँकार्यपालिकामा प्रतिवेदन दिनुपर्ने व्यवस्थामा भए वमोजिम यस कार्यलाई क्रियासिल गराइनेछ ।

### क. सडक तथा पुल

१. बबई गाउँपालिकाको अन्तर पालिका र अन्तर प्रदेश जोड्ने सडकहरुको निर्माणमा प्राथमिकताका साथ अगाडि वढाइनेछ ।

२. हालका सडकहरूको स्तरोन्नति गरिनेछ र यातायात गुरुयोजना अनुसार प्राथमिकरण तथा मापदण्ड निर्धारण गरिनेछ। नयाँ ट्र्याक खोल्न आवश्यकता बाहेक प्रोत्साहन गरिने छैन।

३. गोरेटो, घोडेटो बाटो, ढलान तथा घुम्ती सुधार, उत्पादन स्थल र बजार बीचको पहुँच सुधार गर्ने सडक निर्माणलाई प्राथमिकता दिइनेछ।

४. सबै सडकमा पानी बग्ने नालीको अनिवार्य व्यवस्थापन गरिनेछ, जसले सडक दीगो र सुरक्षित बनाउनेछ।

५. स्थानीय साधन, स्रोत, सीप प्रयोग गर्दै महिला, दलित, आदिवासी, उत्पीडित समुदायलाई लाभ हुने गरी सडक योजनाहरू सञ्चालन गरिनेछ।

६. आवश्यकताका आधारमा पक्की तथा झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

७. कृषकहरुबाट उत्पादित उपजलाई उत्पादन स्थलबाट बजार विन्दु सम्म र उत्पादनका साधनहरुलाई बजार देखि उत्पादन गर्ने ठाउँ सम्मको पहुँचमा सहज र सरलता कायम गर्ने खालका सडक पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ।

### ख. सिंचाई

१. उत्तरी भेगमा कृतिम जलाशयको अध्ययन गरी जलाशय निर्माण कार्य अघि वढाइने छ ।

२. गाउँपालिकाले आवश्यक ठाँउमा लिफ्टिङ सिंचाई आयोजना कार्यमा जोड दिइनेछ ।

३. किसानको आवश्यकता अनुसार थप साना सिंचाई सम्बन्धी आयोजनाहरु निर्माण गरिनेछ।

बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

... बहादुर घर्ती क्षेत्री
अध्यक्ष

४. मौसमी बर्षाको पुरकको रुपमा विकसित सिँचाई प्रणालीलाई बर्षे भरी सिँचाई सुविधा पुर्याउन जलाशय निर्माण, पोखरी संरक्षण, बर्षाको पानी संचय गर्ने पद्धतीको अवलम्बन एवं रिचार्ज पोखरी साथै सिँचाई कुलोहरुको मर्मत, सम्भार तथा संरक्षण गरिनेछ।

५. सिँचाई आयोजनाको निर्माण तथा स्थानीय साना सिँचाई प्रणालीको विकास तथा व्यवस्थापनमा उपभोक्ता संस्थाको प्रभावकारी संलग्नता बढाउन जोड दिइनेछ।

## ग. भवन तथा सहरी विकास

१. गाउँपालिका तथा वडा कार्यालय सफा सुन्दर राख्न प्रभावकारी नीति लिइने छ ।

२. गाउँपालिकाक्षेत्र भित्र फलफुलका विरुवाहरु रोपण नीतिलाई अवलम्बन गरिनेछ।

## घ. उर्जा

१. विद्युत लाईन र पोल जिर्ण भएका स्थानमा जिर्ण पोल र तार मर्मतका लागि बजेटको व्यवस्था एवं सम्बन्धित निकायमा पहल गरिनेछ।

२. खुल्ला तार प्रणालीलाई केवल प्रणालीमा रुपान्तरणको लागि सम्बन्धित निकाय संग पैरवी र साझेदारी गरिनेछ।

३. सरकारी कार्यालय, स्वास्थ्य संस्था र शैक्षिक संस्थाहरुमा आवश्कयता अनुसार पावर व्याकअपको व्यवस्था गर्ने तर्फ कार्यक्रमहरु लक्षित गरिनेछ।

४. वैकल्पिक ऊर्जा सम्वन्धी काम गर्ने सरकारी तथा गैर सरकारी संस्थाको साझेदारीमा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

५. बबई गाउँपालिका वडा नं १ र वडा नं ७ को विद्युतीय पहुंच नभएका वस्तीहरुमा विधुत विस्तारको लागि प्राथमिकताका साथै विधुत प्राधिकरणसँग समन्वय गरिनेछ ।

## ङ. संचार

१. राज्यको पाँचौ अंगको रुपमा रहेको संचारलाई सम्मानित र व्यवस्थित गर्न पत्रपत्रिका रेडियो टेलिभिजन आदिलाई संचार तथा संस्थालाई पालिकामा सुचिकृत गरी सम्झौताको आधारमा सेवा सुविधा प्रदान गरिनेछ ।

२. गाउँपालिका भित्र संचालित सामुदायिक रेडियोको संरक्षण तथा सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

३. गाउँपालिका भित्र टेलिफोन संचारलाई गुणस्तरीय बनाउन टावरको क्षमता वृद्धि तथा विस्तार मार्फत मोबाइल नेटवर्क प्रणालीलाई चुस्त बनाउन सम्बन्धित निकायमा पहल गरिनेछ।

४. नयाँ नयाँ सूचना प्रविधिको अवलम्वन गर्ने नीति अङ्गीकार गरिनेछ।

५. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री गाउँपालिका बनाइनेछ।

६. सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, संचार र पत्रकारिता संग सम्बन्धित विषयमा पत्रकार महासंघसंग साझेदारीमा विभिन्न कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

## ३. वन वातावरण तथा विपद व्यवस्थापन

## क. वन

१. वन तथा जैविक विविधता सम्बन्धी राष्ट्रिय तथा प्रदेश नीति वारे स्थानीय स्तरमा सचेतना वृद्धि गरी कार्यान्वयनमा सहजीकरण गरिनेछ।

२. पालिकालाई वातावरण मैत्री वनाइ वातावरणमैत्री घोषणा गरिने छ।

३. वनका वस्तुहरुको विक्रि वितरणमा १० प्रतिशत रोयल्टी लिइनेछ ।

४. वनबाट प्राप्त हुने राजस्व संकलनमा वृद्धि गरी सामुदायिक वनहरूसँग साझेदारी गरी पूर्वाधार र मानव विकासमा सहकार्य गरिनेछ।

५. साल, चिउरी, सुनकाउली, अम्रिसो, अलैची, कुरिलो लगायत प्रजातिको खेतीलाई निजी र सार्वजनिक जमिनमा विस्तार गरिनेछ। महिला, युवा तथा लक्षित वर्गलाई अनुदान र पुरस्कारमार्फत प्रोत्साहित गरिनेछ।

६. बाँझो र सार्वजनिक जमिनमा काष्ठ र गैरकाष्ठ प्रजातिको वृक्षारोपण गरिनेछ। जोखिमपूर्ण रुखहरूको व्यवस्थापन, र बायो इन्जिनियरिङ प्रविधिबाट भूक्षय नियन्त्रण गरिनेछ।

## ख. वातावरण

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गरिनेछ । न्यून हरित ग्यास उत्सर्जनलाई बिकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृद्धि गरिनेछ।

२. स्थानीय स्तरमा जलवायु परिवर्तनको जोखिम न्यूनीकरण गर्न अनुकूल योजना निर्माण र कार्यान्वयन गरिनेछ। पूर्वाधार विकासका क्रममा आवश्यकताअनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गरिनेछ।

३. सार्वजनिक स्थलमा वर, पिपल र सौन्दर्ययुक्त विरुवा रोपण गरिनेछ। बाढी, पहिरो तथा नदी कटान नियन्त्रण गर्दै जल, जमिन र जलाधार संरक्षणमा जोड दिइनेछ।

४. ढुंगा, गिट्टी, बालुवा लगायतका नदीजन्य तथा प्राकृतिक स्रोतहरूको अवैज्ञानिक दोहन नियन्त्रण गरिनेछ। वालुवा प्रशोधन उद्योग नियमनसहित सञ्चालनमा ल्याइनेछ।

## ग. विपद व्यवस्थापन

१. वाढी पहिरो आगलागीवाट क्षति ग्रस्त भएका नागरिकहरुको लागि राहत कार्यविधि वनाई जिउ ज्यान घर गोठ चौपयाहरुको क्षति विवरण अनुसार तत्काल राहत उपलब्ध गराउने व्यवस्था गरिने छ।

२. विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनस्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी वनाइनेछ।

बनई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

३. भूकम्प प्रतिरोधी भवन तथा संरचना निर्माणलाई प्राथमिकता दिइनेछ। घर विमा र क्षति पुन:निर्माणका लागि आवश्यक पहल गरिनेछ।

४. वडा तथा टोल स्तरमा विपद् व्यवस्थापन समिति तथा कार्यदल गठन गरी तिनीहरूलाई तालिम र क्षमता अभिवृद्धि गरिनेछ। सामाजिक संरचना अनुसार लैङ्गिक र जातीय दृष्टिकोणबाट समावेशी बनाइनेछ।

५. प्रमुख टोल, वडा कार्यालय तथा प्रहरी चौकीमा आपतकालीन उद्धार सामग्री भण्डारण र नियमित अद्यावधिक गरिनेछ। स्थानीय आपतकालीन केन्द्र सञ्चालन गरिनेछ।

६. नदी, खोला, खहरे तथा पहिरो नियन्त्रणमा वायो इन्जिनियरिङ प्रविधि प्रयोग गरिनेछ। विपद् जोखिम न्यूनीकरणमा पूर्वाधारलाई दिगो बनाउने कार्यक्रम सञ्चालन गरिनेछ।

७. गाउँपालिकाको विपद् व्यवस्थापन कोष सुदृढ बनाइनेछ। उक्त कोषमा नगद वा जिन्सी योगदान गर्न चाहने व्यक्ति वा संस्थालाई प्रोत्साहन गरिनेछ। विपद् तथा आगलागी नियन्त्रण उपकरणका लागि बजेट विनियोजन गरिनेछ।

## घ. राजश्व तथा आन्तरिक स्रोत परिचालनः

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्री सम्बन्धी कानुन तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. करदाता जनप्रतिनिधिहरु र वडा सचिवहरुलाई करसम्वन्धि शिक्षा दिइनेछ ।

३. स्थानीय, प्रदेश र संघीय सरकार तथा गैर सरकारी संस्था र विकास साझेदारसँग परामर्श गरी आय स्रोतहरूको अध्ययन र समन्वय गरिनेछ।

४. करदातालाई मोबाइलमार्फत कर सम्बन्धी सूचना दिई अनलाइन कर तिर्न सक्ने प्रणाली लागू गरिनेछ। बढी कर तिर्नेलाई सम्मान गरिनेछ र ढिला गर्नेलाई जरिवाना तथा सेवा वञ्चित गरिनेछ।

५. पेशा व्यवसायको दर्ता, नवीकरण र अनुमति प्रक्रिया छरितो, सरल र पारदर्शी बनाइनेछ। अव्यवस्थित वसोवासीलगायतको जमिनमा वडाले विटौरी कर असुली गरिनेछ।

## ङ. सुशासन तथा संस्थागत विकास :

१. सार्वजनिक सेवा प्रवाहमा विद्युतीय प्रविधिको अवलम्बन गरी द्रुत सेवा र प्रभावकारी अभिलेख व्यवस्थापनमा ध्यान दिइनेछ।

२. पालिकाको कार्यपालिका हलमा स्मार्ट वोर्ड जडान गरिने छ ।

३. पालिकावाट प्रवाह हुने सेवालाई इ-सर्भिसवाट हुने व्यवस्था मिलाइनेछ ।

४. सबै वडा कार्यालय तथा विषयगत शाखा कार्यालयहरुबाट सम्पादन हुने कामहरुलाई एकीकृत रुपमा गाउँपालिकाबाट एउटै सर्भरबाट नियन्त्रण र अनुगमन हुने व्यवस्था गरिनेछ।

५. गाउँसभा तथा कार्यपालिका अन्तर्गत रहेका विभिन्न समितिहरुलाई थप क्रियाशिल र जिम्मेवार बनाइनेछ ।

३. भूकम्प प्रतिरोधी भवन तथा संरचना निर्माणलाई प्राथमिकता दिइनेछ। घर विमा र क्षति पुनःनिर्माणका लागि आवश्यक पहल गरिनेछ।

४. वडा तथा टोल स्तरमा विपद् व्यवस्थापन समिति तथा कार्यदल गठन गरी तिनीहरूलाई तालिम र क्षमता अभिवृद्धि गरिनेछ। सामाजिक संरचना अनुसार लैङ्गिक र जातीय दृष्टिकोणबाट समावेशी बनाइनेछ।

५. प्रमुख टोल, वडा कार्यालय तथा प्रहरी चौकीमा आपतकालीन उद्धार सामग्री भण्डारण र नियमित अद्यावधिक गरिनेछ। स्थानीय आपतकालीन केन्द्र सञ्चालन गरिनेछ।

६. नदी, खोला, खहरे तथा पहिरो नियन्त्रणमा वायो इन्जिनियरिङ प्रविधि प्रयोग गरिनेछ। विपद् जोखिम न्यूनीकरणमा पूर्वाधारलाई दिगो बनाउने कार्यक्रम सञ्चालन गरिनेछ।

७. गाउँपालिकाको विपद् व्यवस्थापन कोष सुदृढ बनाइनेछ। उक्त कोषमा नगद वा जिन्सी योगदान गर्न चाहने व्यक्ति वा संस्थालाई प्रोत्साहन गरिनेछ। विपद् तथा आगलागी नियन्त्रण उपकरणका लागि बजेट विनियोजन गरिनेछ।

## घ. राजश्व तथा आन्तरिक स्रोत परिचालनः

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्री सम्बन्धी कानुन तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. करदाता जनप्रतिनिधिहरु र वडा सचिवहरुलाई करसम्वन्धि शिक्षा दिइनेछ ।

३. स्थानीय, प्रदेश र संघीय सरकार तथा गैर सरकारी संस्था र विकास साझेदारसँग परामर्श गरी आय स्रोतहरूको अध्ययन र समन्वय गरिनेछ।

४. करदातालाई मोबाइलमार्फत कर सम्बन्धी सूचना दिई अनलाइन कर तिर्न सक्ने प्रणाली लागू गरिनेछ। बढी कर तिर्नेलाई सम्मान गरिनेछ र ढिला गर्नेलाई जरिवाना तथा सेवा वञ्चित गरिनेछ।

५. पेशा व्यवसायको दर्ता, नवीकरण र अनुमति प्रक्रिया छरितो, सरल र पारदर्शी बनाइनेछ। अव्यवस्थित वसोवासीलगायतको जमिनमा वडाले विटौरी कर असुली गरिनेछ।

## ङ. सुशासन तथा संस्थागत विकास :

१. सार्वजनिक सेवा प्रवाहमा विद्युतीय प्रविधिको अवलम्बन गरी द्रुत सेवा र प्रभावकारी अभिलेख व्यवस्थापनमा ध्यान दिइनेछ।

२. पालिकाको कार्यपालिका हलमा स्मार्ट वोर्ड जडान गरिने छ ।

३. पालिकावाट प्रवाह हुने सेवालाई इ-सर्भिसवाट हुने व्यवस्था मिलाइनेछ ।

४. सबै वडा कार्यालय तथा विषयगत शाखा कार्यालयहरुबाट सम्पादन हुने कामहरुलाई एकीकृत रुपमा गाउँपालिकाबाट एउटै सर्भरबाट नियन्त्रण र अनुगमन हुने व्यवस्था गरिनेछ।

५. गाउँसभा तथा कार्यपालिका अन्तर्गत रहेका विभिन्न समितिहरुलाई थप क्रियाशिल र जिम्मेवार बनाइनेछ ।

६. "हेलो अध्यक्ष कार्यक्रम" सञ्चालन गरी जनताको गुनासा तथा पिर मर्काको सुनुवाईको लागि गाउँपालिको कार्यालयमा कल सेन्टर स्थापना गरिनेछ। सोमार्फत जनता र अध्यक्ष वीच प्रत्यक्ष सम्बादको व्यवस्था मिलाईनेछ।

७. सवै वडा कार्यालयहरुमा डिजिटल नागरिक वडापत्र जडान गरिनेछ।

८. राष्ट्रसेवक कर्मचारीहरुको पारिश्रमिक न्युनतम तलव मापदण्ड अनुरुप पुर्याइनेछ।

९. राष्ट्रसेवक करार सेवाका कर्मचारीहरुलाई स्थायी कर्मचारीहरुले खाईपाई आएको महंगी भत्ता उपलब्ध गराइनेछ ।

१०. राष्ट्रसेवक करार सेवाका कर्मचारीहरुलाई स्थायी कर्मचारीहरुले पाए सरहको विदा उपलब्ध गराईनेछ।

११. कार्यसम्पादन र कार्यप्रगतिका आधारमा राष्ट्रसेवक कर्मचारीहरुलाई प्रोत्साहनको ब्यवस्था गरि मनोबल उच्च वनाइनेछ।

१२. लेखा समितिलाई थप क्रियाशिल तुल्याइनेछ ।

१३. बेरुजु फछ्यौट कार्यलाई तिव्रता दिइनेछ । वेरुजु फछ्यौट गर्ने कार्यलाई अगाडी वढाइनेछ ।

१४. गाउँपालिकाको श्रम आप्रवासन नीति तत्काल तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१५. गाउँपालालिकाको आर्थिक कार्यविधी तथा वित्तिय अत्तरदायित्व ऐन निर्माण गरी कार्यान्वयन गरिनेछ।

१६. सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई राष्ट्रिय नीति अनुरुप स्वास्थ्य विमा कार्यक्रममा सहभागी गराइनेछ ।

## च. न्याय सम्पादन

१. "विवादको साटो, मेलमिलापको पाटो" नीतिअनुसार स्थानीय स्तरमै मेलमिलापद्वारा छिटो न्याय सम्पादनलाई प्राथमिकता दिइनेछ।

२. ७ वटै वडाका मेलमिलाप कर्तावाट वडाका उजुरीहरुलाई वडावाटै मेलमिलाप गराइनेछ ।

३. न्यायिक समितिका सदस्य तथा मेलमिलापकर्ताको सीप विकास र पछाडि परेका वर्गलाई कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

४. "ढिलो न्याय अन्याय सरह" भएकाले छिटो न्यायका लागि न्यायिक समितिबाट हुने विवाद निरुपणमा गति दिइनेछ।

५. आवश्यकताअनुसार कानुनी परामर्श सेवा र सुरक्षा निकायको सहयोग लिई विवाद समाधानको कार्यान्वयन सुनिश्चित गरिनेछ।

## छ. भुमि शाखा

१. भुमिहिन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको एकिन गरी लालपुर्जा वितरण कार्यलाई भुमि समस्या समाधान आयोगसँग समन्वय गरी शसक्तरुपमा अगाडी वढाइनेछ ।

२. बबई गाउँपालिका भित्रको नापजाँच गर्न बाँकी भूभाग नापजाँच गरी जग्गाधनी पूर्जा वितरणको कामलाई तिव्र रुपमा अगाडी बढाइनेछ ।

३. जग्गाको नाप नक्सांकन गरि बहाल बिटौरी कर संकलनमा जोड दिइनेछ ।

४. घर वहाल कर संकलनमा विशेष ध्यान दिइनेछ ।

५. गाउँपालिकाको भु-उपयोग योजना र जग्गा वर्गिकरण सम्वन्धी योजना निर्माण गरी लागु गरिनेछ।

६. भुमि बैंक स्थापना गर्न आवश्यक कार्य अगाडी बढाइनेछ ।

**अन्त्यमा,**

**गाउँसभामा उपस्थित सदस्यहरु, सम्पूर्ण अतिथिहरु, आम जनसमुदाय, राजनैतिक दल, कर्मचारी तथा सुरक्षाकर्मी साथीहरु, पत्रकार लगायत सबैमा समृद्ध बबई निर्माणका लागि यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग र समन्वयको अपेक्षा सहित धन्यवाद व्यक्त गर्दछु।**

धन्यवाद ।

मितिः २०८२ असार ५ गते ।

बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हापुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

कुल बहादुर खत्री क्षेत्री
अध्यक्ष
बबई गाउँपालिका